Ref.

**गैरआवासीय नेपाली संघ युरोप क्षेत्रको**
**प्रेस विज्ञप्ति**

पत्रकार मित्रहरु, नमस्कार।

**"Partnership in Action,...for Transformation"** भन्ने नाराका साथ गैरआवासीय नेपाली संघ युरोप क्षेत्रले यही आउंदो सेप्टेम्बर २४ र २५ तारिखमा युरोपको उत्तरी क्षेत्रमा अवस्थित मुलुक स्विडेनको राजधानी शहर स्टकहोममा १४औं युरोपेली क्षेत्रिय बैठक संगै युवा सम्मेलन, १२ औं महिला तथा बिज्ञ सम्मेलनको आयोजना गर्न लागेको जानकारी गराउन चाहन्छौ । युरोप क्षेत्रले भेला आयोजनाका निमित्त आन्तरिक तयारीहरु लगभग पुरा गरिसकेको व्यहोरा समेत जानकारी गराउन चाहन्छौ । भेलालाई सफल तुल्याउनका निमित्त क्षेत्रीय पदाधिकारीहरुको बैठकले विभिन्न समिति, उपसमितिहरुको गठन गरे संगसंगै भेलालाई उपलब्धिमूलक बनाउनका निमित्त सरोकार राख्ने व्यक्तिहरु तथा निकायहरुसंग छलफल गरिरहेको छ। सोहि छलफललाइ पूर्णता दिएर हामीले कार्यक्रमको विस्तृत विवरण छिट्टै सार्बजनिक गर्नेछौ। भेला आयोजनाका निमित्त क्षेत्रीय संयोजक द्वयको अध्यक्षतामा युरोप क्षेत्रका पधाधिकारीहरु, युरोप क्षेत्रबाट प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरु, सम्बन्धित राष्ट्रिय समन्वय परिषदका अध्यक्ष र महासचिवहरुलाई पदेन सदस्य, युरोप क्षेत्रमा रहनुभएका अन्तर्राष्ट्रिय पदाधिकारीहरुलाई यो समितिको पदेन सल्लाहकार राखी एक बृहत् आयोजक कमिटि गठन गरेका छौ । यो समितिको सदस्य सचिवको जिम्मेवारी विगतको परम्परालाई निरन्तरता दिंदै आयोजक एनसीसी स्विडेनका अध्यक्ष राजकुमार पाठकलाई दिइएको पनि जानकारी गराउन चाहन्छौ।

गैरआवासीय नेपाली संघको पछिल्लो कठिन परिवेशमा हाम्रा सामु थुप्रै चुनौतीका पहाडहरु छन् । एकातर्फ हाम्रा आफ्ना कार्यक्रमहरुको निरन्तरताका विषयहरु छन् भने अर्को तर्फ सामूहिक एकताको आवश्यकता पनि खडकिरहेको छ। संघले आजका दिनसम्म आर्जन गरेको विश्वासको वातावरणलाई जोगाउनुपर्ने आवश्यकता आज हाम्रो सामु छ। यस्तै चुनौतीहरुका चाङ्गको बावजुद गैरआवासीय नेपालीहरुको एकता र सहकार्य नै आजको आवश्यकता भएको हामीले महसुस गरेका छौं। यही आवश्यकतालाई गन्तब्यमा पुराउनु हामी सबैको जिम्मेवारी हो भन्ने कुरामा कुनै शंका नभएको समग्र गैरआवासीय नेपालीहरुको बुझाइ छ। यसै एकता र सहकार्यलाई संघले लिएको लक्ष्यसम्म पुर्याउनका निमित्त समयक्रममा गैरआवासीय नेपाली संघलाई यसले आफ्नो स्थापना कालदेखी लिएर हिडिरहेको कार्यदिशालाइ परिबर्तन नगरी रुपान्तरण गरेर अगाडी बढ्नु पर्ने चाहना यससंग आवद्ध व्यक्ति, समूह र यससंग सहकार्यमा हातेमालो गरिरहेका निकायहरुमा रहेको हामीले महसुस गरेका छौ। सोही रुपान्तरणको दिशामा संघलाई लैजानका निमित्त यस सम्मेलनले मार्गचित्र कोर्ने हाम्रो विश्वास रहेको छ । यसै रुपान्तरणको सिलसिलालाई सुरुवात गर्नका निमित्त हामीले युरोप क्षेत्रीय भेलाको मुख्य नारा **"Partnership in Action,...for Transformation"** राखिएको जानकारी गराउन चाहन्छौं । गैरआवासीय नेपाली संघ नेपाल सरकारको सच्चा साझेदार हो भने नेपाल र नेपालीहरूको विश्वास प्राप्त संस्था पनि हो । हामी हाम्रा सबै गतिविधि र कार्यक्रममा सबै निकाय, संस्था र सरोकारवालाहरूसंग परिणाममुखी सहकार्य गर्न चाहन्छौं। हाम्रा गतिविधिहरू रूपान्तरणको निम्ति केन्द्रित गर्न चाहन्छौं। हामी यस पटकको क्षेत्रीय भेलाका हरेक कार्यक्रम भित्र युवा र महिलाको

सक्रिय भूमिका र सहभागिता खोज्नुका साथै कार्यक्रममा सबै बिषयहरूको समस्या र समाधानको बारेमा छलफल गरी त्यसबाट आएको निस्कर्षलाई व्यावहारिक जीवनमा रूपान्तरण गर्न प्रयत्नशील रहने छौं । हाम्रो बिश्वास छ, नारा जस्तै काम बाट पनि हामीले गैरआवासीय नेपाली हरुको भावानालाइ समेटने छौ। हामीले आयोजना गर्ने हरेक गतिविधिलाई समग्र गैरआवासीय नेपालीहरु समक्ष पुर्याउन र हाम्रा हरेक कृयाकलापलाइ पारदर्शी बनाई यहांहरुलाई जानकारी गराउने उदेश्यले हामीले एक मिडिया टिम गठन गरेका छौं । उक्त टिमको संयोजन गैरआवासीय नेपाली संघ युरोप क्षेत्रका उप संयोजक सागर सुवेदीले गर्नुभएको जानकारी समेत गराउन चाहन्छौ कार्यक्रमको सफलतामा यहाँहरूको सकारात्मक भूमिका संगै सहकार्यको अपेक्षा गर्दछौ।

हार्दिक धन्यवाद।

संयोजक तथा भेला आयोजना समितिको अध्यक्ष

सन्तोष भट्टराई
युरोप क्षेत्र

चिन्तामणी सापकोटा
युरोप क्षेत्र

मिति: २४ अगष्ट २०२२